# मण्डनदेउपुर नगरपालिका

स्थानीय राजपत्र

खण्ड ४ मण्डनदेउपुर, असोज १ गते, २०७७ साल संख्या ४


## भाग २

मण्डनदेउपुर नगरपालिका

# कर्मचारी कल्याणकारी कोष संचालन कार्यविधि २०७५ लाई संशोधन गर्न बनेको कार्यविधि २०७७

नगर कार्यपालिकाबाट पारित मिति: २०७७।०५।२६

प्रमाणित मिति: २०७७।०५।३१

**प्रस्तावनाः**

**कर्मचारी कल्याणकारी कोष संचालन कार्यविधि २०७५**लाई संशोधन गर्न वाञ्छनीय भएकोले, मण्डनदेउपुर नगर कार्यपालिकाले आफ्नो अधिकार प्रयोग गरी देहायका कार्यविधिहरु बनाएको छः

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम **कर्मचारी कल्याणकारी कोष संचालन (पहिलो संशोधन) कार्यविधि २०७७** रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **कर्मचारी कल्याणकारी कोष संचालन कार्यविधि २०७५ को प्रस्तावनामा संशोधनः** कर्मचारी कल्याणकारी कोष संचालन कार्यविधि २०७५(यस पछि "कार्यविधि" भनिएको) को प्रस्तावनाको सट्टा देहायको प्रस्तावना राखिएको छः-

"नगरपालिका तथा अन्तरगतका विषयगत शाखा, वडा कार्यालयहरु र स्वास्थ्य संस्थाहरुमा करार सेवामा कार्यरत कर्मचारीहरुको करार समाप्त वा अवकाश पछि एकमुष्ठ रुपमा केहि रकम सुविधाको रुपमा प्रदान गरी कर्मचारीलाई प्रोत्साहित गर्न तथा सेवा पछिको भविष्य सुनिश्चित गर्न कल्याणकारी कोष स्थापना गर्न बाञ्छनीय भएकाले,

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी कर्मचारी कल्याणकारी कोष स्थापना गर्न मण्डनदेउपुर नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ।"

**३. कार्यविधिको बुँदा नं २ मा संशोधनः** कार्यविधिको बुँदा नं २ को (च) पछि देहायको खण्ड (छ) थप गरिएको छ:-

"(छ) "स्वास्थ्य संस्था" भन्नाले नगरपालिका अन्तरगत संचालित स्वास्थ्य चौकी तथा संस्थाहरुलाई बुझाउनेछ।"

**४.कार्यविधिको बुँदा नं ३ मा संशोधनः** कार्यविधिको बुँदा नं ३ को खण्ड (क) मा रहेका "नगरपालिका तथा वडा कार्यालयमा " भन्ने शब्दहरुको सट्टा "नगरपालिका, नगरपालिका अन्तरगतका विषयगत शाखा , स्वास्थ्य संस्थाहरु तथा वडा कार्यालयमा" भन्ने शब्दहरु राखिएका छन्।

**५. कार्यविधिको बुँदा नं ४ मा संशोधनः** कार्यविधिको बुँदा नं ४ को खण्ड (क) मा रहेका "नगरपालिका तथा वडा कार्यालयमा " भन्ने शब्दहरुको सट्टा "नगरपालिका, नगरपालिका अन्तरगतका विषयगत शाखा, स्वास्थ्य संस्थाहरु तथा वडा कार्यालयमा " भन्ने शब्दहरु राखिएका छन्।

**६. कार्यविधिको बुँदा नं ६ मा संशोधनः** (१) कार्यविधिको बुँदा नं ६ को खण्ड (क) मा रहेका "नगरपालिका तथा वडा कार्यालयमा " भन्ने शब्दहरुको सट्टा "नगरपालिका, नगरपालिका अन्तरगतका विषयगत शाखा, स्वास्थ्य संस्थाहरु तथा वडा कार्यालयमा " भन्ने शब्दहरु राखिएका छन्।

(२) कार्यविधिको बुँदा नं ६ को खण्ड (ग) हटाइएको छ।

**७. कार्यविधिको बुँदा नं ७ मा संशोधनः** (१) कार्यविधिको बुँदा नं ७ को खण्ड (७.१) मा जसमा भन्ने शब्द पछि रहेका "नगरपालिका तथा वडा कार्यालयमा" भन्ने शब्दहरुको सट्टा "नगरपालिका, नगरपालिका अन्तरगतका विषयगत शाखा, स्वास्थ्य संस्थाहरु तथा वडा कार्यालयमा" भन्ने शब्दहरु राखिएका छन्।

**८. कार्यविधिको बुँदा नं ८ मा संशोधनः** (१) कार्यविधिको बुँदा नं ८ को खण्ड (८.१) मा रहेका "नगरपालिका तथा वडा कार्यालयमा" भन्ने शब्दहरुको सट्टा "नगरपालिका, नगरपालिका अन्तरगतका विषयगत शाखा, स्वास्थ्य संस्थाहरु तथा वडा कार्यालयमा" भन्ने शब्दहरु राखिएका छन्।

आज्ञाले,
प्रणराज न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत